# मिथिला बिहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

तारापट्टी, धनुषा
मधेश प्रदेश, नेपाल

मिथिला बिहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय तारापट्टी, धनुषा मधेश प्रदेश, नेपाल

## घर भाडामा लिने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०८१/०४/०८

यस कार्यालयको मिति २०८१/०४/०२ गतेको निर्णयानुसार यस नगर कार्यपालिकालाई कार्यलय संचालन गर्नको लागि घर भाडामा लिन आवश्यक भएको हुँदा हालको कार्यालयको पूर्वमा जनकपुर–धनुषाधाम रोड, पश्चिममा तारापट्टी–सिरसिया सडक खण्ड, उत्तरमा तारापट्टी गाँउ ब्लक र दक्षिणमा तारापट्टी बजार चौक चार किल्ला पर्ने स्थानहरुमा सडक विस्तारको मापदण्ड भित्र नपर्ने, कुनै कानूनी वाधा अडचन नभएको प्रशासनिक दृष्टिकोणबाट उपयुक्त हुने कम्तीमा ८ वटा कोठा पानी, बत्ती, बिजुली, टेलिफोन, शौचालय, जेनरेटर राख्ने तथा पार्किङ्ग स्थलको राम्रो प्रवन्ध भएको, आवासको समेत व्यवस्था गर्न सकिने, नेपाल सरकारले तोकेको हालको मापदण्ड पूरा गरेको घर भाडामा दिन ईच्छुक घर धनिहरुले आफ्नो नागरिकताको प्रमाण पत्रको फोटोकापी, घर हक भोगको प्रमाण, चार किल्ला प्रमाणितको फोटोकापी, नापी कार्यालयबाट प्रमाणित ट्रेस नक्साको फोटोकापी, घर जग्गाको कर तिरेको रसिद (आ.व. २०८०/०८१) समेत राखी सो घर के कति भाडा दर (कर समेत) मा कम्तिमा २ वर्षको लागि र के कस्तो शर्तमा भाडा दिने हो ? सम्पूर्ण विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिने (कार्यालय समय) भित्र यस कार्यालयमा सिलबन्दी निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

रितपूर्वक पर्न आएका सिलबन्दी निवेदन पेश गर्ने अन्तिम मितिको भोलिपल्ट (कार्यालय खुलेको दिन) यस कार्यालयमा खोलिन्छ । सिलबन्दी निवेदन पर्न आएका घर/फ्ल्याटहरु मध्ये आशिंक वा पूरै भाडामा लिने वा नलिने अन्तिम निर्णय गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

कार्यालयका लागि घर भाडामा लिंदा प्रशासनिक सुगमताको साथै सेवाग्राही मैत्री संरचना र पार्किङ्ग सुविधा भएको घरलाई प्राथमिकता दिइनेछ । निवेदन फारम यस नगर कार्यपालिकाको कार्यालयबाट कार्यालय समयमा उपलब्ध हुनेछ ।

नागेन्द्र यादव
प्रमुख प्रशासकीय अधिकृत

मिथिला बिहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तारापट्टी, धनुषा

CS Scanned with CamScanner